लोक सेवा आयोग
संगठित संस्था, अप्राविधिक, सहायकस्तर द्वितीय/खरिदार वा सो सरह/चौथो तह वा सो सरह पदको
खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०८२।०७।१५

**KEY [C]**

प्रथम चरण : पूर्वयोग्यता परीक्षा
समय : ४५ मिनेट

पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, व्यवस्थापन, गणित र सेवा सम्बन्धी

उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा calculator, mobile प्रयोग गर्न पाइनेछैन ।

वस्तुगत बहुउत्तर — ५०×२=१०० अङ्क

1. निम्नमध्ये कुन राष्ट्र दक्षिण-पूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) को संस्थापक सदस्य होइन?
(Which of the following is not the Founding Father of the Association of South-East Asian Nations (ASEAN)?)
A) थाइल्याण्ड B) इण्डोनेसिया C) कम्बोडिया D) मलेसिया

2. एक अश्वशक्ति बराबर ... वाट हुन्छ ।
(One horsepower is equal to ..... watt.)
A) 736 B) 746 C) 756 D) 766

3. टेलिफोनको आविष्कार कसले गरेका हुन्?
(Who invented telephone?)
A) Alexander Graham Bell B) Elisha Gray
C) Guglielmo Marconi D) Thomas Alva Edison

4. कम्प्युटरका अवयवहरूलाई यसका मुख्य कार्यसँग जोडा मिलाउनुहोस् र दिइएका कोडहरूबाट सही विकल्प छान्नुहोस् ।
(Match the computer's components with its primary function and choose the correct option from the given codes.)

| अवयव (Component) | मुख्य कार्य (Primary function) |
|---|---|
| a) CPU | 1) डेटालाई स्थायी रूपमा भण्डारण गर्छ (Stores data permanently) |
| b) RAM | 2) डेटा र निर्देशनहरू प्रशोधन गर्दछ (Processes data and instructions) |
| c) Hard Drive | 3) अस्थायी डेटा भण्डारण गर्दछ (Stores temporary data) |
| d) GPU | 4) ग्राफिक्स प्रशोधनको कार्य गर्दछ (Handles graphics processing) |

A) a-2, b-3, c-1, d-4 B) a-1, b-2, c-3, d-4 C) a-3, b-4, c-1, d-2 D) a-4, b-1, c-2, d-3

5. भिटामिन ए को कमीले लाग्ने रोग तलका मध्ये कुन हो?
(Which of the following diseases is associated with deficiency of Vitamin A?)
A) स्कर्भी (Scurvy)
B) कमजोर दृष्टि र अन्धता (Poor vision and blindness)
C) रक्तअल्पता (Anemia)
D) गाँड (Goiter)

क्रमशः

6. नेपाल कबड्डी लिग, २०२५ को विजेता टोली कुन हो?
(Who is the champion of the Nepal Kabaddi League, 2025?)
A) Kathmandu Mavericks
B) Biratnagar Bandits
C) Janakpur Knights
D) Dhangadhi Wildcats

7. तलका मध्ये कुन कार्य नेपाल राष्ट्र बैंकको होइन?
(Which of the following is not a function of Nepal Rastra Bank?)
A) नोट निष्काशन गर्नु (Issue of Bank Notes)
B) मौद्रिक नीति तर्जुमा गर्नु (Formulation of monetary policy)
C) ठूला व्यापारिक फर्मलाई ऋण प्रदान गर्नु (Provide loan to large business firm)
D) वाणिज्य बैंकहरूको सुपरिवेक्षण गर्नु (Supervision of commercial banks)

8. नेपाल धितोपत्र बोर्डको स्थापना कहिले भएको हो?
(When was Securities Board of Nepal established?)
A) वि.सं. २०५० वैशाख १५ (April 27, 1993)
B) वि.सं. २०५० जेठ २५ (June 7, 1993)
C) वि.सं. २०५५ वैशाख १५ (April 28, 1998)
D) वि.सं. २०५६ जेठ २५ (June 8, 1999)

9. नेपालका सबै सरकारी खाताहरूको अन्तिम लेखापरीक्षण गर्ने जिम्मेवारी कुन निकायको हो?
(Which body is responsible for final auditing of all government accounts in Nepal?)
A) अर्थ मन्त्रालय (Ministry of Finance)
B) महालेखा नियन्त्रक कार्यालय (Financial Comptroller General Office)
C) सार्वजनिक लेखा समिति (Public Accounts Committee)
D) महालेखापरीक्षकको कार्यालय (Office of the Auditor General)

10. सार्वजनिक संस्थानका कर्मचारीहरूको छनौट लोक सेवा आयोगबाट गर्ने व्यवस्था नेपालको संविधानको कुन धारामा रहेको छ?
(Which Article of the Constitution of Nepal has the provision for the selection of public enterprises employees through the Public Service Commission?)
A) धारा २३५
B) धारा २३९
C) धारा २४०
D) धारा २४३

11. व्यवस्थापन करारअन्तर्गत सञ्चालनमा रहेको संस्थान तलका मध्ये कुन हो?
(Which of the following public enterprises is running in management contract?)
A) हेटौंडा कपडा उद्योग
B) कृषि औजार कारखाना लि.
C) नेपाल ड्रिलिङ कम्पनी
D) नेपाल यातायात संस्थान

12. नेपालको अर्थतन्त्रमा सार्वजनिक संस्थानको भूमिका देहायका मध्ये कुन होइन?
(Which of the following is not the role of public enterprises in Nepali economy?)
A) आर्थिक तथा पूर्वाधार विकास (Economic and infrastructure development)
B) आधारभूत सेवा र बजार नियमन (Basic service and market regulation)
C) प्रविधिको विकास र नवप्रवर्तन (Technology development and innovation)
D) सामाजिक विकास र संकट व्यवस्थापन (Social development and disaster management)

13. तल दिइएका मध्ये संस्थागत सामाजिक उत्तरदायित्वको क्षेत्र कुन होइन?
(Which of the following is not an area of corporate social responsibility?)
A) वातावरण संरक्षण (Environment Protection)
B) सामुदायिक विकास (Community Development)
C) शिक्षामा योगदान (Contribution to Education)
D) कर छली (Tax Evasion)

14. नेपालमा औद्योगिक क्षेत्रअन्तर्गत कतिवटा सार्वजनिक संस्थानहरू रहेका छन्?
(How many public enterprises are there under the industrial sector in Nepal?)
A) 8 B) 9 C) 10 D) 11

15. नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडलाई सार्वजनिक संस्थानहरूको वर्गीकरणमा कुन क्षेत्रअन्तर्गत समावेश गरिएको छ?
(In which category is the Nepal Infrastructure Company Limited placed in public enterprises classification?)
A) औद्योगिक (Industrial) B) सामाजिक (Social)
C) सेवा (Service) D) जनोपयोगी (Public utility)

16. नेपालको पहिलो सार्वजनिक संस्थान कुन हो?
(Which is the first public enterprise of Nepal?)
A) विराटनगर जुट मिल B) रघुपति जुट मिल
C) नेपाल बैंक लिमिटेड D) नेपाल वायुसेवा निगम

17. कार्यालय व्यवस्थापनका प्रमुख उद्देश्यहरूका सन्दर्भमा सही विकल्प छनौट गर्नुहोस् ।
(Choose the correct alternative regarding the major objectives of office management.)
i) कार्यकुशलता, प्रभावकारिता र कानूनको शासन (Efficiency, Effectiveness and Rule of Law)
ii) जोखिम न्यूनीकरण, अनुशासन र कार्यकुशलता (Risk Reduction, Discipline and Efficiency)
iii) सेवा प्रवाह, अनुशासन र कानूनको शासन (Service Delivery, Discipline and Rule of Law)
iv) कार्यकुशलता, प्रभावकारिता र उत्पादकत्व (Efficiency, Effectiveness and Productivity)
A) i, iii र iv मात्र B) i र iv मात्र C) i मात्र D) iv मात्र

18. तल दिइएका मध्ये विद्युतीय शासन प्रणालीको फाइदा कुन <u>होइन</u>?
(Which of the following is <u>not</u> a benefit of e-Governance?)
A) पारदर्शिता बढ्नु (Increased transparency)
B) सेवा प्रवाह छिटो हुनु (Faster service delivery)
C) नागरिकको सहभागिता कम हुनु (Reduced citizen participation)
D) सेवा प्रवाहको खर्च कम हुनु (Cost efficiency in service delivery)

19. सार्वजनिक बडापत्रबाट तलका मध्ये के फाइदा हुन्छ?
(Which of the following is the benefit of public charter?)
A) सेवाग्राहीलाई सेवा कहाँबाट लिने भन्ने जानकारी प्राप्त हुन्छ (The service recipient receives information about from where to get the service)
B) कर्मचारी कर्मचारीबिच दोहोरो सञ्चार कायम गर्न मद्दत पुऱ्याउँछ (It helps in maintaining two-way communication between employees)
C) सेवाग्राहीलाई आर्थिक सुविधा लिन मद्दत पुऱ्याउँछ (It helps service recipients obtain financial benefits)
D) संगठन र कर्मचारीबिचको सम्बन्ध सुमधुर बन्न जान्छ (The relationship between the organization and the employees becomes harmonious)

20. कार्यालय कार्यविधि किन आवश्यक हुन्छ?
(Why is office procedure necessary?)
A) काममा एकरूपता, दक्षता र जवाफदेहिता सुनिश्चित गर्न (To ensure uniformity, efficiency and accountability in work)
B) कार्यालयको कामलाई प्रक्रियामुखी बनाउन (To make office work process oriented)
C) केवल कानून पालना गर्नका लागि (Only for law compliance)
D) समूह कार्य टार्न (To avoid teamwork)

21. तलका कार्यहरूको प्रक्रियागत क्रम मिलाइ सही विकल्प छान्नुहोस् ।
(Choose the correct option of functions making right sequential procedure.)
i) तोकादेश (Order) ii) टिप्पणी उठान (Tippani)
iii) दर्ता (Registration) iv) निर्णय (Decision)
A) iii, i, iv, ii B) iii, ii, i, iv C) i, ii, iii, iv D) iii, i, ii, iv

22. A र B मिलेर एउटा काम १२ दिनमा गर्न सक्छन् । A ले मात्र सोही काम २० दिनमा गर्न सक्छ भने B ले मात्र सो काम कति दिनमा गर्न सक्ला?
(A and B together can finish a work in 12 days. If A alone can finish the same work in 20 days, in how many days can B alone finish the work?)
A) 15 B) 18 C) 24 D) 30

23. कुनै वस्तुमा २५% छुट दिइन्छ । प्रोमो कोड लागु भएर ग्राहकले ८% नगद फिर्ता जित्छ । प्रभावकारी छुट कति प्रतिशत हो?
(25% discount is offered on an item. By applying a promo code, the customer wins 8% cash back. What is the effective discount percentage?)
A) 30.5 B) 31 C) 33.5 D) 35

24. कुनै एक निश्चित रकमको समान/एउटै वार्षिक ब्याजदरमा २ वर्ष ३ महिना र ३ वर्ष ९ महिनामा प्राप्त हुने साधारण ब्याजको अनुपात कति हुन्छ होला?
(What will be the ratio of simple interest earned by certain amount at the same rate of interest for 2 years 3 months and that for 3 years 9 months?)
A) 2:3 B) 2:5 C) 3:4 D) 3:5

25. एउटा डाइस र सिक्का एकैपटक माथि उफार्दा डाइसमा ३ आउने र सिक्कामा टाउको पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
(Find the probability of getting 3 on dice and head on coin when a dice is rolled and a coin is tossed simultaneously.)
A) 1/6 B) 1/8 C) 1/10 D) 1/12

26. यदि एउटा निरन्तर श्रेणीमा मध्यक ($\bar{X}$) = 24, पदहरूको संख्या (N) = 10 र $\sum fx = 200+a$ भए a को मान पत्ता लगाउनुहोस् ।
(In a continuous series, mean ($\bar{X}$) = 24, the number of terms (N) = 10 and $\sum fx = 200+a$, find the value of a.)
A) 30 B) 35 C) 40 D) 45

27. क्यास्पियन सागरलाई तलका मध्ये कुनले सही व्याख्या गर्दछ?
(Which of the following best describes the Caspian Sea?)
A) ताजा/सफा पानीको ताल (Fresh water lake)
B) आन्ध्र महासागरसँग जोडिएको समुन्द्र (Sea connected to the Atlantic Ocean)
C) विश्वको सबैभन्दा ठूलो पानी भएको ताल (The world's largest inland body of water)
D) सबैभन्दा ठूलो नुनिलो पानीको ताल (The largest salt water lake)

28. जोडा मिलाइ कोडबाट सही उत्तर छान्नुहोस् ।
(Match the pairs and choose the correct answer from the codes.)

| पर्वतश्रृंखला (Mountain Range) | महादेश (Continent) |
|---|---|
| a) रकिज (Rockies) | 1) युरोप (Europe) |
| b) आल्पस (Alps) | 2) अफ्रिका (Africa) |
| c) एण्डिज (Andes) | 3) दक्षिण अमेरिका (South America) |
| d) एट्लस (Atlas) | 4) उत्तर अमेरिका (North America) |

A) a-4, b-1, c-3, d-2 B) a-4, b-1, c-2, d-3 C) a-3, b-1, c-2, d-4 D) a-3, b-4, c-2, d-1

29. नेपालको भौगोलिकतासँग सम्बन्धित सही कथन छनौट गर्नुहोस् ।
(Choose the correct statement related to geography of Nepal.)
A) गोसाइँकुण्डलाई शिलुतीर्थ पनि भनिन्छ (Gosaikunda is also known as Shilutirtha)
B) मेची नदीलाई विहारको दु:ख मानिन्छ (Mechi river is considered as Sorrow of Bihar)
C) नेपालको पूर्व-पश्चिम औषत लम्बाइ १९३ कि.मी. छ (The average east-west length of Nepal is 193 km)
D) अन्नपूर्ण हिमाल ८,२०१ मिटर अग्लो छ (The height of Annapurna Mountain is 8,201m)

30. एजेण्डा-२१ केसँग सम्बन्धित छ?
(What is Agenda-21 related to?)
A) पूर्वाधार (Infrastructure) B) वातावरण (Environment)
C) सामाजिक विकास (Social Development) D) मानव विकास (Human Development)

31. दिगो विकासको पाँचौं लक्ष्य तलका मध्ये कुनसँग सम्बन्धित छ?
(Which of the following is related to the Goal-5 of Sustainable Development Goals (SDGs)?)
A) भोकमरीको अन्त्य (Zero Hunger)
B) स्वच्छ खानेपानी र सरसफाइ (Clean Water and Sanitation)
C) गुणस्तरीय शिक्षा (Quality Education)
D) लैंगिक समानता (Gender Equality)

32. प्रथम विश्वयुद्धको अन्त्य कुन सन्धिबाट भएको हो?
(Which was the treaty that ended World War I?)
A) The Treaty of Versailles B) Kyoto Treaty
C) Geneva Conference D) Peace Treaties

33. राजा पृथ्वीनारायण शाहले मकवानपुरमाथि कहिले विजय प्राप्त गरेका थिए?
(When did King Prithivi Narayan Shah conquer Makawanpur?)
A) वि.सं. १८१८ माघ १ B) वि.सं. १८१९ भाद्र ९
C) वि.सं. १८१९ फागुन २९ D) वि.सं. १८२० जेठ ५

34. देहायका समूहबिच जोडा मिलाइ कोडवाट सही विकल्प छनौट गर्नुहोस् ।
(Match the following and choose the correct alternative from the codes.)

| समूह (अ) | समूह (आ) |
|---|---|
| a) त्रिभुवन विश्वविद्यालयका प्रथम उपकुलपति (First VC of Tribhuvan University) | 1) हिमालयशमशेर ज.व.रा. |
| b) लोक सेवा आयोगका प्रथम अध्यक्ष (First Chairperson of PSC) | 2) भिमसेन थापा |
| c) प्रथम प्रधान सेनापति (First Chief of the Army Staff) | 3) अनिरूद्रप्रसाद सिंह |
| d) नेपाल राष्ट्र बैंकका प्रथम गभर्नर (First Governor of NRB) | 4) सुवर्णशमशेर |

A) a-1, b-3, c-4, d-2 B) a-4, b-3, c-2, d-1 C) a-3, b-4, c-2, d-1 D) a-4, b-1, c-2, d-3

35. नेपालको कुन आदिवासी जनजाति समुदायले सिरूवा पर्व मनाउने गर्दछ?
(Which indigenous ethnic group of Nepal celebrates 'Siruwa' festival?)
A) राई B) शेर्पा C) नेवार D) राजवंशी

36. वि.सं. २०८१ को मदन पुरस्कार कुन कृतिलाई प्रदान गरिएको छ?
(Which of the following is awarded with Madan Puraskar of 2081 BS?)
A) ऐँठन B) सेतो धरती C) उरमाल D) मुकाम रणमैदान

37. आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कति रहेको थियो?
(According to the Economic Survey 2081/82, what was the contribution of industry sector in the Gross Domestic Product of Nepal in fiscal year 2080/81?)
A) 11.25% B) 12.26% C) 12.83% D) 12.91%

38. चालु खाताको सकारात्मक सन्तुलनले के जनाउँछ?
(What does a positive Current Account balance indicate?)
A) निर्यातभन्दा आयात बढी भएको (Higher imports than exports)
B) निर्यात र अन्य आयस्रोतवाट प्राप्त रकम आयात र अन्य भुक्तानीभन्दा बढी भएको (Earning from exports and other sources exceed imports and other payments)
C) सरकारी खर्चभन्दा राजस्व संकलन बढी भएको अवस्था (A situation where revenue collection exceeds government expenditure)
D) मुद्रास्फीति घटेको (Decrease in inflation)

39. तल दिइएका भनाइहरू अध्ययन गरी सही विकल्प छनौट गर्नुहोस् ।
(Study the given statements and choose the correct option.)
i) गण्डकी साक्षर प्रदेश घोषणा भएको प्रदेश हो । (Gandaki province has been declared a literate province.)
ii) मधेश प्रदेश साक्षर प्रदेश घोषणा हुन बाँकी छ । (Madhesh province is yet to be declared a literate province.)
iii) नेपालका सबै प्रदेशहरू साक्षर घोषणा भइसकेका छन् । (All provinces of Nepal have been declared literate.)

A) i ठिक, ii र iii बेठिक B) i र ii ठिक, iii बेठिक
C) i र iii ठिक, ii बेठिक D) ii ठिक, i र iii बेठिक

40. तलका मध्ये सबैभन्दा पछि स्थापना भएको नेपालको सार्वजनिक संस्थान कुन हो?
(Which of the following is the latest public enterprise established in Nepal?)
A) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड B) राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड
C) नेपाल वन निगम लिमिटेड D) नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

41. नेपालको पन्ध्रौं योजनाको कुल लगानी अनुमान कति रहेको थियो?
(What was the gross investment estimated for 15th Plan of Nepal?)
A) रू. ७५२५ अर्ब (Rs. 7525 Billion) B) रू. ८७२६ अर्ब (Rs. 8726 Billion)
C) रू. ९२२९ अर्ब (Rs. 9229 Billion) D) रू. ९७३५ अर्ब (Rs. 9735 Billion)

42. राज्यमा कानूनको आवश्यकताका सन्दर्भमा देहायका मध्ये कुन अमिल्दो छ?
(In the context of necessity of law in a state, which of the following is irrelevant?)
A) नागरिकबिच समान व्यवहार गर्न (To treat the citizen equally)
B) शासकको असीमित अधिकारको संरक्षण गर्न (To protect the unlimited power of the ruler)
C) नागरिक अधिकारको संरक्षण गर्न (To protect the civil rights)
D) शासक र शासितबिचको अधिकारको सीमा निर्धारण गर्न (To determine the rights between ruler and people)

43. नेपाल अधिराज्यको संविधान, २०४७ मा कतिवटा मौलिक हकहरू थिए?
(How many Fundamental Rights were included in the Constitution of Kingdom of Nepal, 2047?)
A) 31 B) 21 C) 18 D) 13

44. नेपालको संविधानका अनुसूची र तिनको व्यवस्थाबिच जोडा मिलाइ कोडबाट सही विकल्प छनौट गर्नुहोस् ।
(Match the following Schedule of the Constitution of Nepal with their respective Provisions and select the correct option from the codes.)

| अनुसूची (Schedule) | व्यवस्था (Provision) |
|---|---|
| a) अनुसूची १ (Schedule 1) | 1) निशान छाप (Coat of Arms) |
| b) अनुसूची २ (Schedule 2) | 2) राष्ट्रिय झण्डा (National Flag) |
| c) अनुसूची ३ (Schedule 3) | 3) जिल्लाको सूची (List of Districts) |
| d) अनुसूची ४ (Schedule 4) | 4) राष्ट्रिय गान (National Anthem) |

A) a-2, b-4, c-1, d-3 B) a-4, b-2, c-3, d-1 C) a-3, b-4, c-2, d-1 D) a-2, b-4, c-3, d-1

45. नेपालको संवैधानिक प्रावधानअनुसार वैदेशिक ऋण लिने अधिकार कुन एकाइलाई छ?
(As per the Constitution of Nepal which unit has the power to borrow foreign loans?)
A) प्रदेश (Province)
B) स्थानीय तह (Local Level)
C) संघ र स्थानीय तह (Federal and Local Level)
D) संघ (Federal)

46. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा कति धाराहरू रहेका छन्?
(How many Articles are there in the Universal Declaration of Human Rights, 1948?)
A) 24 B) 30 C) 32 D) 48

47. नेपालले सर्वप्रथम कूटनीतिक सम्बन्ध कायम गरेका मुलुकहरूको क्रम मिलाउनुहोस् ।
(Arrange the order of the countries with which Nepal first established diplomatic relations.)
A) बेलायत, अमेरिका, भारत, फ्रान्स
B) अमेरिका, भारत, बेलायत, फ्रान्स
C) भारत, बेलायत, अमेरिका, फ्रान्स
D) बेलायत, भारत, अमेरिका, फ्रान्स

48. कुन मितिमा राष्ट्रका प्रतिनिधिहरूले संयुक्त राष्ट्रसंघको बडापत्रमा हस्ताक्षर गरेका थिए?
(On which date did the representatives of the Nations sign on the Charter of the United Nations?)
A) 25 April, 1945
B) 26 June, 1945
C) 26 July, 1945
D) 24 October, 1945

49. सार्क मध्यस्थता परिषद्को केन्द्रीय कार्यालय कहाँ रहेको छ?
(Where is the SAARC Arbitration Council's headquarter located?)
A) नयाँ दिल्ली, भारत
B) कोलम्बो, श्रीलंका
C) थिम्पु, भुटान
D) इस्लामाबाद, पाकिस्तान

50. एसियाली विकास बैंकका प्रमुख शेयर साझेदार मुलुकहरू _ हुन् ।
(The largest shareholders in the Asian Development Bank are .....)
A) चीन र जापान
B) जापान र अमेरिका
C) अमेरिका र अष्ट्रेलिया
D) चीन र अष्ट्रेलिया

:: समाप्त ::